# काठमाडौँ महानगरपालिका

# स्थानीय राजपत्र


काठमाडौँ महानगरपालिकाद्वारा प्रकाशित

वर्ष ७) काठमाडौँ, साउन ११ गते, २०८० साल


## भाग १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम काठमाडौँ महानगरपालिकाको नगरसभाले जारी गरेको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### संवत् २०८० सालको ऐन नं. २

# काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट रकम खर्च र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०८०

**प्रस्तावना** : काठमाडौं महानगरपालिकाको आर्थिक बर्ष २०८०/०८१ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम काठमाडौं महानगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम **"काठमाडौं महानगरपालिका विनियोजन ऐन, २०८०"** रहेको छ ।

(२) यो ऐन संवत् २०८० श्रावण १ गतेबाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कार्यपालिका"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

(ख) **"नगर सभा"** भन्नाले काठमाडौं महानगरपालिकाको नगर सभा सम्झनुपर्छ ।

(ग) "**वडा समिति**" भन्नाले काठमाडौं महानगरपालिकाको वडा समिति सम्झनुपर्छ ।

(घ) "**विषयगत शाखा**" भन्नाले काठमाडौं महानगरपालिका अन्तर्गतको विभाग, महाशाखा, शाखा, आयोजना, सचिवालय, एकाइ, कार्यालय तथा अन्य प्रशासनिक एकाइ समेत सम्झनुपर्छ ।

ङ) "**सञ्चित कोष**" भन्नाले काठमाडौं महानगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

३. **<u>आर्थिक वर्ष २०८०/०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार</u>** : (१) आर्थिक वर्ष २०८०/०८१ को निमित्त काठमाडौं महानगरपालिका अन्तर्गत हुने पाँच वटा क्षेत्रहरू (१) आर्थिक विकास, (२) कार्यालय संचालन तथा प्रशासनिक, (३) पूर्वाधार विकास, (४) सामाजिक विकास, (५) सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रको संञ्चित कोषमा भार पर्ने खर्च जम्मा रु २४ अर्व ४ करोड ५४ लाख १ हजार सञ्चित कोषमा भार पर्ने र नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने कार्यक्रमहरू र जग्गा एकिकरण आयोजनाको खर्च रकम रु.१ अर्व ५० करोड २४ लाख १९ हजार सञ्चित कोषमा भार नपर्ने समेत गरी अनुसूची - १ मा उल्लिखित भए बमोजिम जम्मा रकम रु. २५ अर्व ५४ करोड ७८ लाख २० हजारमा नबढाई निर्दिष्ट गरिए बमोजिम खर्च गर्न सकिनेछ ।

४. **<u>विनियोजन</u>** : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को लागि काठमाडौं महानगरपालिका, नगर कार्यपालिका, वडा समिति र विषयगत विभाग वा शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर कार्यपालिका, वडा समिति र विषयगत विभाग वा शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्नेछ । यसरी रकमान्तर गर्दा नपुग हुने शीर्षकमा विनियोजित रकमको पच्चीस प्रतिशतमा नबढ्ने गरी, कुनै एक वा एक भन्दा बढी बचत हुने शीर्षकहरूबाट रकमान्तर गर्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्चहरूका एक उपशीर्षकबाट अर्को उपशिर्षकमा रकमान्तर गर्न सकिने र चालू खर्चतर्फ विनियोजित रकममा साँवा भुक्तानी खर्च,

ब्याज भुक्तानी खर्च, राजश्व फिर्ता खर्च र आम्दानी खर्च फिर्ता शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकमा रकमान्तर गर्न सकिनेछैन ।

तर, चालु खर्चबाट पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकमान्तर गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको पच्चिस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकमान्तर गर्नु परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१

**(दफा ३ सँग सम्बन्धित)**

**क) नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | क्षेत्र | अनुमानित व्यय रु. | कैफियत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ७०,४२,९८,००० | |
| २ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,४९,१४,१३,६०७ | |
| ३ | पूर्वाधार विकास | ११,५३,७७,१६,७१२।२१ | |
| ४ | सामाजिक विकास | ५,१३,३४,८७,००० | |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,१७,८४,८५,६८०।७९ | |
| | जम्मा (क) | २४,०४,५४,०१,००० | |

**ख) काठमाडौं महानगरपालिकामार्फत कार्यान्वयन हुने बाह्यतर्फ आर्थिक बर्ष २०८०।०८१ को अनुमानित ब्यय**

| क्र.स. | क्षेत्र | अनुमानित व्यय रु. | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने कार्यक्रमहरु | ६६,२४,१९,००० | |
| २ | जग्गा एकिकरण आयोजना | ८४,००,००,००० | |
| | जम्मा (ख) | **१,५,०२,४१,९०००** | |
| | **कुल जम्मा (क) + (ख)** | **२५,५४,७८,२०,०००** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम काठमाडौँ महानगरपालिका नगर सभाको तेह्रौ अधिवेशनबाट स्वीकृत भएको काठमाडौँ महानगरपालिका विनियोजन विधेयक, २०८० प्रमाणीकरण गरिएको छ ।

प्रमाणीकरण मिति : २०८०/०३/३१

**आज्ञाले**
**बसन्त अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**